पेश भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम निर्णय गर्ने अधिकार ली-बर्डमा सुनिश्चित रहने छ । शिलबन्दी बोलपत्र संस्थाको केन्द्रीय कार्यालय, पोखरा अथवा कार्यक्रम समन्वय कार्यालय, सानेपामा मिति **२०७९ मंसिर ७ गते बेलुका ५:०० बजेभित्र** दर्ता गराउनु पर्नेछ । बोलपत्र आवेदन फाराम (प्राविधिक फारम र वित्तिय फारम) मा संलग्न विवरणहरू तथा तिनमा उल्लेखित शर्तहरूलाई यसै सुचनाको अभिन्न अङ्ग मानी अनिवार्य रूपमा पुरा गर्नुपर्नेछ । प्राविधिक फारम र वित्तिय फारम **मिति २०७९ कार्तिक ३० गतेबाट २०७९ मंसिर ७ गते बिहान ९ बजे देखि बेलुका ५ बजेसम्म** (शनिबार र आईतबार अफिस बन्द रहनेछ) ली-बर्डको केन्द्रीय कार्यालय, पोखरा तथा ली-बर्डको कार्यक्रम समन्वय कार्यालय, सानेपाबाट रू. १००/- दस्तुर तिरि प्राप्त गर्न सकिनेछ ।

अन्य जानकारीको लागिः

ली-बर्ड प्रधान कार्यालय, पोखरा-१२, कास्की, पोष्ट बक्स नं. - ३२४, टेलिफोन नं.- +९७७-६१-५७६८३४, ५८५३५७ वेभसाइटः www.libird.org

नेपाल सरकार

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
## राष्ट्रिय ट्रमा सेन्टर

**महांकाल, काठमाडौं**

# विद्युतीय बोलपत्र (e-bidding) आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०७/३० गते)**

चालु आ.व. २०७९/०८० मा यस अस्पतालको लागि आवश्यक पर्ने मेडिकल ईक्युपमेन्ट विद्युतीय बोलपत्रको माध्यम (e-bidding /Single Stage Two Envelope) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| 1. | NTrC/G/NCB/07-079/80 | The supply, delivery & installation of Anaesthesia Workstation | ३,०००/- | ४,००,०००/- |
| २. | NTrC/G/NCB/08-079/80 | The supply and delivery of High End OT Table with orthopaedic & Upgradibility Neuro attachment | ३,०००/- | ४,५४,००/- |
| 3. | NTrC/G/NCB/09-079/80 | The supply and delivery of C-Arm Machine | ३,०००/- | २,५५,०००/- |

१. यस अस्पतालको लागि आवश्यक पर्ने मेडिकल ईक्युपमेन्ट राष्ट्रिय स्तरको खुल्ला बोलपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनीबाट बोलपत्र आह्वान (e-bidding/ Single Stage Two Envelope) गरिएको छ।

२. बोलपत्र ई-बिडिङ्गका माध्यमबाट मात्र खरिद तथा दर्ता गर्नुपर्ने भएकोले **www.bolpatra.gov.np/egp** मा गई बोलपत्रदाताले आफ्नो सम्पूर्ण विवरण भरि अपलोडएवलबाट बोलपत्र दर्ता गराउनु पर्नेछ। ई-बिडिङ्गका माध्यमबाट बोलपत्रमा भाग लिने बोलपत्रदाताले अनिवार्य रुपमा निम्नानुसारका कागजातहरु स्क्यान गरी पेश गर्नु पर्नेछ।
**क)** व्यवसाय संचालन गर्न पाउने ईजाजत पत्र **ख)** आयकर दर्ता प्रमाणपत्र **ग)** मुल्य अभिवृद्धि कर प्रमाणपत्र **घ)** आ.व. २०७८/०७९ को लागि नवीकरण गरिएको प्रमाणपत्र तथा आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र तथा म्याद थपको पत्र **ङ)** बोलपत्र फाराम दस्तुर बापतको माथि उल्लेखित रकम फाराम दस्तुर (फिर्ता नहुने) राष्ट्रिय ट्रमा सेन्टरको नाममा रहेको नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड, न्यूरोड शाखाको **चल्ती खाता नं. ७०१०२०२५७०३९** मा जम्मा गरेको बैंक भौचर **च)** कम्तिमा **१२० दिन** म्याद भएको माथि उल्लेखित रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी (बिड बन्ड) वा बोलपत्र जमानत बापत नगदै राख्न चाहने बोलपत्रदाताहरुले राष्ट्रिय ट्रमा सेन्टरको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौंको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको **धरौटी खाता नं. १७००१००१०२०३०००** (अस्पतालको कोड नं. ३७०००३५१०) मा जम्मा गरी सोको सक्कलै भौचर संलग्न राखी पेश गर्नु पर्नेछ। **छ)** Manufacture Authorization Letter

३. दाखिला भएका बोलपत्रहरु सूचनामा उल्लेखित मिति र समयमा यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्रसम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सोसम्बन्धी कार्यहरु कार्यालय खुलेको दिनबाट क्रमशः सोही समयमा गरिने छ।

४. बोलपत्रमा भाग लिन चाहने बोलपत्रदाताले कुनै संशोधन गर्न चाहेमा वा बोलपत्र फिर्ता लिन चाहेमा बोलपत्र दर्ता गर्ने अन्तिम समयभन्दा २४ घण्टा अगावै जानकारी गराउनु पर्नेछ।

५. Pre bid meeting मिति २०७९/०८/१५ गते राष्ट्रिय ट्रमा सेन्टरको Meeting Hall मा सञ्चालन हुनेछ।

६. रीत नपुगी तथा तोकिएको समय सीमाभित्र दर्ता हुन नआएका बोलपत्र उपर कुनै कार्बाही गरिने छैन।

७. यो सूचना तथा यस सूचनासम्बन्धी सम्पूर्ण जानकारीमा यस अस्पतालको पूर्ण अधिकार रहनेछ।

८. यस सूचनामा उल्लेख भएका विषयहरु सूचनाबमोजिम र उल्लेख नभएका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र प्रचलित कानूनअनुसार हुनेछ।

**नोटः** यो सूचना तथा यस सूचनासम्बन्धी अन्य जानकारी यस अस्पतालको Website: **www.nationaltraumacenter.gov.np** बाट पनि प्राप्त गर्न सकिने छ। साथै, कार्यालय समयभित्र यस अस्पतालको फोन नं. ०१४२२४९२८ मा सम्पर्क गरी विस्तृत रुपमा बुझ्न र लिन सकिने छ।

**अस्पताल प्रशासन**